वस्तुगत प्रश्नोत्तर

१. तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल), २०२६ को आयोजना मिति कुन हो ?
✍ सन् २०२६ अक्टोबर २६–नोभेम्बर २१
- स्थान : अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, कीर्तिपुर
- उद्घाटन : प्रधानमन्त्री वालेन्द्र शाहद्वारा।
- सहभागी टोली : ८

टोली	कप्तान	मुख्य प्रशिक्षक
लुम्बिनी लायन्स	रोहित पौडेल	टिनु योहानन
सुदूरपश्चिम रोयल्स	दीपेन्द्रसिंह ऐरी	मिसबाह–उल–हक
विराटनगर किङ्	सन्दीप लामिछाने	धम्मिका प्रसाद
काठमाडौँ गोर्खाज	करण केसी	मोन्टी देशाई
पोखरा एभेन्जर्स	कुशल भुर्तेल	अजन्था मेन्डिस
कर्णाली याक्स	सोमपाल कामी	ज्ञानेन्द्र मल्ल
चितवन राइनोज	रवि बोपारा	सोहेल तनवीर
जनकपुर बोल्ट्स	हरमित सिंह	शिवनरिन चन्दरपौल

- **पहिलो खेल :** लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्स (लुम्बिनी लायन्स विजयी)
- **कुल खेल :** ३२
- सन् २०२६ अक्टोबर १६ मा आइसिसीले एनपिएललाई 'लिस्ट ए टी–२०' को मान्यता प्रदान गरेको।
- यस संस्करणमा पहिलोपल्ट डिआरएस प्रणालीको सुरुवात भएको।
- **पहिलो संस्करण :** सन् २०२४ नोभेम्बर ३० – डिसेम्बर २१ **विजेता :** जनकपुर बोल्ट्स, उपविजेता : सुदूरपश्चिम रोयल्स
- **दोस्रो संस्करण :** सन् २०२५ नोभेम्बर १७ – डिसेम्बर १३
- **विजेता :** लुम्बिनी लायन्स, उपविजेता : सुदूरपश्चिम रोयल्स

२. विश्व भोकमरी सूचकाङ्क २०२६ अनुसार नेपाल कति औँ स्थानमा रहेको छ ?
✍ ७२ औँ
- कुल १२२ देशमध्ये नेपाल १४.५ अङ्कसहित ७२ औँ स्थानमा रहँदै मध्यम श्रेणीमा सूचीकृत भएको।
- पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन सन् २००० को ५५.९ प्रतिशतबाट हाल २६.२ प्रतिशतमा सीमित भएको।
- **गणनाका चार सूचक :** अपर्याप्त क्यालोरी सेवन, उमेर अनुसार उचाइ कम हुनु (पुड्कोपन), उचाइ अनुसार तौल कम हुनु (ख्याउटेपन) र पाँच वर्षमुनिको बाल मृत्युदर समावेश गरिएको।

दक्षिण एसियाली देशको अवस्था		
श्रीलङ्का	५३ औँ	१०.२
नेपाल	७२ औँ	१४.५
बङ्गलादेश	८४ औँ	१९.२
भारत	१०० औँ	२४.१
पाकिस्तान	१०६ औँ	२५.५
अफगानिस्तान	१०८ औँ	२८.६

- विश्वको औसत १८.१ अङ्क रहँदा दक्षिण एसियाको क्षेत्रीय औसत २३.५ अङ्क रहेकाले यस क्षेत्रमा भोकमरीको समस्या विश्व औसतभन्दा बढी गम्भीर देखिएको।

३. सन् २०२७ मा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्क समूहको 'बोर्ड अफ गभर्नर्स' को अध्यक्षता कुन देशले समाल्ने भएको छ ?
✍ पाकिस्तान
- थाइल्यान्डको बैङ्ककमा आयोजित बैठकबाट पाकिस्तानका आर्थिक मामिला मन्त्री एवम् विश्व बैङ्कका गभर्नर अहद खान चीमा आगामी अध्यक्षका रूपमा चयन भएका।
- डब्ल्युबिजी–आईएमएफको वार्षिक बैठक थाइल्यान्डको बैङ्ककमा अक्टोबर १२ देखि १८ सम्म आयोजना भएको।
- विश्व अर्थतन्त्रका समसामयिक चुनौतीमाथि छलफल गर्न १९१ देशका गभर्नर तथा नीति निर्मातासहित १५ हजारभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको।

४. ७१ औँ प्रहरी दिवसका अवसरमा 'सर्वोत्कृष्ट अपराध अनुसन्धानकर्ता पुरस्कार' कसलाई प्रदान गरियो ?
✍ सुवास भट्ट (प्रहरी नायब उपरीक्षक–डिएसपी)
- फौजदारी अपराधको वस्तुनिष्ठ तथा वैज्ञानिक अनुसन्धानमा उत्कृष्ट कार्यसम्पादन र व्यावसायिक निष्ठा प्रदर्शन गरेबापत सो पुरस्कार प्रदान गरिएको।
- २०८२ फागुन महिना बागमती प्रदेशकै सर्वोत्कृष्ट प्रहरी घोषित भएका।
- गोरखा जिल्ला निवासी भट्ट विसं २०७० मा प्रहरी निरीक्षक (इन्स्पेक्टर) पदबाट नेपाल प्रहरी सेवामा प्रवेश गरेका।

५. हालै अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट आधिकारिक मान्यताप्राप्त गर्न सफल नेपालको घरेलु क्रिकेट प्रतियोगिता कुन हो ?
✍ नेपाल प्रिमियर लिग (एनपिएल)
- विसं २०८३ असोज ३० (सन् २०२६ अक्टोबर १६) गते क्यानद्वारा प्रेस विज्ञप्ति जारी गरी आइसिसीबाट मान्यता पाएको जानकारी दिइएको।
- आइसिसीको मान्यताले नेपाली क्रिकेटको विकास, विस्तार र अन्तर्राष्ट्रिय पहिचानलाई सुदृढ बनाउन सहयोग पुग्ने विश्वास गरिएको।
- आगामी मङ्सिर पहिलो हप्ता काठमाडौँमा आइसिसीको एसिया सम्मेलन आयोजना गर्ने तय भएको।
- एसिया सम्मेलनमा सहभागी अन्तर्राष्ट्रिय प्रतिनिधिहरूले एनपीएलको फाइनलसहित दुई खेल प्रत्यक्ष अवलोकन गर्ने बताइएको।

६. लन्डनस्थित नेचुरल हिस्ट्री म्युजियमद्वारा प्रदान गरिने प्रतिष्ठित 'वाइल्ड लाइफ फोटोग्राफर अफ दी इयर २०२६' को उपाधि विजेता फोटोग्राफर को हुन् ?
✍ फेडेरिको भेरोनेसी
- नामिबियाको हुब नदी उपत्यकामा मृत बच्चालाई सुँड र दाह्राको बिचमा च्यापेर हिँडिरहेको पोथी हात्तीको भावुक दृश्य कैद गरिएको तस्बिरका लागि इटालियन फोटोग्राफर भेरोनेसीले सो अवार्ड जितेका।
- विगत २० वर्ष लामो वन्यजन्तु फोटोग्राफी यात्रामा यो घटना सबैभन्दा हृदयविदारक भएको फोटोग्राफरले बताएका।
- लन्डनस्थित नेचुरल हिस्ट्री म्युजियमद्वारा सन् १९६५ देखि यो प्रतिष्ठित अन्तर्राष्ट्रिय प्रतियोगिता नियमित आयोजना हुँदै आएको।

७. विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवस कहिले मनाउने गरिन्छ ?
✍ अक्टोबर १३
- **सन् २०२६ को नारा :** उत्थानशीलताको सुरुवात घरबाटै हुन्छ।
- घर तथा आवासलाई सुरक्षित, किफायती र स्थानीय विपद् जोखिम सामना गर्न सक्षम बनाउने लक्ष्य लिइएको।
- अनियन्त्रित मानवीय क्रियाकलाप, प्राकृतिक स्रोतको अविवेकी प्रयोग र जलवायु परिवर्तनले विपत्को जोखिम थप बढाएको।
- जटिल भूबनोट, भौगोलिक विविधता र फरक हावापानीका कारण नेपाल भूकम्प, बाढी तथा पहिरो जस्ता प्राकृतिक विपत्तिको उच्च जोखिममा रहेको।

८. अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को 'विश्व आर्थिक परिदृश्य' प्रतिवेदन अनुसार सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर कति प्रतिशत रहने प्रक्षेपण गरिएको छ ?
✍ ३.६ प्रतिशत
- आईएमएफले सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर ३.६ प्रतिशत र सन् २०२७ मा ३.७ प्रतिशत रहने प्रक्षेपण गरेको।
- सन् २०२५ को अनुमानित ४.४ प्रतिशतको तुलनामा आगामी दुई वर्ष नेपालको आर्थिक विस्तार सुस्त भई ४ प्रतिशतभन्दा तल नै रहने जनाइएको।
- सन् २०२६ मा महँगीको दबाब केही कम भए पनि सन् २०२७ मा उपभोक्ताले पुनः मूल्यवृद्धिको सामना गर्नुपर्ने सङ्केत देखिएको।
- पेट्रोलियम पदार्थको मूल्यवृद्धि र अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलाको अवरोधले नेपाल जस्तो आयातमा निर्भर अर्थतन्त्र प्रभावित हुन सक्ने प्रतिवेदनले जनाएको।

९. विश्व मानसिक स्वास्थ्य दिवस कहिले मनाउने गरिन्छ ?
✍ अक्टोबर १०
- सन् २०२६ को नारा : जीवन्त अनुभवको सुनुवाइ : वास्तविक आवाज, वास्तविक परिवर्तन।
- विश्व मानसिक स्वास्थ्य महासङ्घको पहलमा सन् १९९२ देखि सुरु भई सन् १९९४ देखि विश्व स्वास्थ्य सङ्गठनको सहकार्यमा वार्षिक नारासहित मनाउन थालिएको।
- सामाजिक सङ्कोच, नकारात्मक धारणा र विभेदका कारण समस्यामा परेका व्यक्तिहरूले समयमै परामर्श तथा उपचार लिन हिचकिचाउने अवस्थालाई प्रभावकारी ढङ्गले सुधार कार्य अघि बढाउनुपर्ने।
- मानसिक स्वास्थ्य सेवाको विस्तार, दक्ष जनशक्ति व्यवस्थापन, पूर्वाधार निर्माण र पर्याप्त बजेट विनियोजन गर्नुपर्नेमा जोड दिइएको।

१०. प्रतिष्ठित 'बालोन डी'ओर' अवार्ड २०२६ विजेता फुटबलर को–को हुन् ?
✍ **पुरुषतर्फ :** ह्यारी केन (इंग्ल्यान्ड/बायर्न म्युनिख)
- **महिलातर्फ :** एलेक्सिया पुटेलास (स्पेन/बार्सिलोना)
- सन् २०२६ को विश्वकप फुटबल प्रतियोगितामा ६ गोल गर्दै इंग्ल्यान्डलाई सेमिफाइनलसम्म पुऱ्याउन केनले महत्वपूर्ण भूमिका खेलेका।
- स्पेनकी मिडफिल्डर एलेक्सिया पुटेलासले तेस्रोपटक महिला बालोन डी'ओर हात पार्न सफल भएकी।

ट्रफी	पुरुष	महिला
कोपा ट्रफी	लेमिन यामल	भिकी लोपेज
यासिन ट्रफी	उनाइ सिमोन	काटा कोल
गर्ड मुलर ट्रफी	ह्यारी केन	चार्लिन कोरल

११. हालै अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनको आयोजना कहिले र कहाँ सम्पन्न भयो ?
✍ विसं २०८३ असोज २७–२८, विराटनगर, कोशी प्रदेश
- **आयोजना :** कोशी प्रदेश सरकार
- विराटनगर घोषणापत्र जारी।
- सङ्घीयता कार्यान्वयनमा देखिएका संवैधानिक तथा प्रशासनिक जटिलता समाधान गर्दै प्रदेशको अधिकार सुनिश्चित गर्न साझा धारणा तय गरिएको।
- आयोजक कोशीसहित मधेश (कृष्णप्रसाद यादव), बागमती (किरण थापामगर), गण्डकी (सुरेन्द्रराज पाण्डे), लुम्बिनी (चेतनारायण आचार्य) र कर्णाली (मङ्गलबहादुर शाही) गरी ६ प्रदेशका मुख्यमन्त्री सहभागी भएका।
- सुदूरपश्चिम प्रदेशको तर्फबाट प्रमुख सचिव उत्तरकुमार खत्रीको सहभागिता रहेको।
- सम्मेलनमा प्रदेशहरूका प्रमुख सचिव, प्रदेश योजना आयोगका उपाध्यक्ष र मुख्य न्यायाधिवक्तासहितको टोली सामेल रहेको।

१२. भैरव पुरस्कार गुठीद्वारा विसं २०८३ को 'भैरव पुरस्कार' कसलाई प्रदान गरियो ?
✍ हास्य व्यङ्ग्यकार आरसी. रिजाल (**राशिः** रु. १,११,१११/–)
- **भैरव वाङ्मय पुरस्कार :** टेकवीर मुखिया (वरिष्ठ चित्रकार)
- **पुरस्कार राशि :** (**राशिः** रु. १,११,१११/–)
- **भैरव प्रतिभा पुरस्कार :** स्रष्टा देवीप्रसाद चापागाईं (राशिः रु. ५१ हजार १ सय ११)

१३. नेपाल राष्ट्र बैङ्कको आर्थिक गतिविधिसम्बन्धी वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर कति प्रतिशत रहने अनुमान छ ?
✍ ५.४० प्रतिशत (राष्ट्रिय आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहने अनुमान)
- प्रदेशको कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको ७६.५३ प्रतिशत, उद्योग क्षेत्रको १२.२४ प्रतिशत र कृषि क्षेत्रको ११.२३ प्रतिशत योगदान रहेको।
- समग्र बालीले ढाकेको क्षेत्रफल १.४ प्रतिशत र बाली उत्पादन ७.८ प्रतिशतले घटेको (प्रमुख खाद्यान्नमध्ये जौ सर्वाधिक १३.६ प्रतिशतले बढेको र अन्डा उत्पादन ८.३ प्रतिशतले घटेको)।
- उद्योगहरूको औसत उत्पादन क्षमता उपयोग बढेर ४१.०८ प्रतिशत (अघिल्लो वर्ष ३७.४९ प्रतिशत) पुगेको र होटेलहरूको औसत अकुपेन्सी ४७.९ प्रतिशत रहेको।
- प्रदेशमा कुल निक्षेप सङ्कलन ९.७९ प्रतिशत र कर्जा प्रवाह ९.०७ प्रतिशतले बढेको
- (कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा ३६.८१ प्रतिशत र कृषिमा ३.३ प्रतिशत प्रवाह भएको)।
- घरजग्गा रजिस्ट्रेसन सङ्ख्या ९.६ प्रतिशतले बढे तापनि सोबापतको राजस्व सङ्कलन १६.८ प्रतिशतले घटेको।
- कुल विनियोजित ६७ अर्ब ४८ करोड बजेटमध्ये ६८.१८ प्रतिशत (४६ अर्ब रुपियाँ) खर्च भई ३० अर्ब ६७ करोड रुपियाँ राजस्व सङ्कलन भएको।

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

वन र वातावरणबिच अन्तरसम्बन्ध



१. वन र वातावरणबिचको अन्तरसम्बन्ध उल्लेख गर्दै वनविनाशले निम्त्याउने प्रमुख वातावरणीय समस्याहरू उजागर गर्नुहोस्।
✍ हाम्रा वरपर रहेका सम्पूर्ण जैविक तथा अजैविक तत्त्वबिचको अन्तर्क्रिया र अन्तरसम्बन्धको समष्टिगत स्वरूपलाई वातावरण भनिन्छ। पृथ्वीको वातावरणीय प्रणालीको महत्त्वपूर्ण अवयवका रूपमा वन रहेको हुन्छ। वनस्पति र जनावरका थुप्रै प्रजाति वनमा पाइने हुनाले जैविक विविधताको संरक्षणको हिसाबले पनि वनको महत्त्व उच्च छ। पृथ्वीको वातावरणलाई स्वच्छ र सन्तुलित बनाइराख्न वनको भूमिका महत्त्वपूर्ण छ। वन र वातावरणबिचको अन्तरसम्बन्धलाई देहायका बुँदाबाट थप स्पष्ट पार्न सकिन्छ :
- वनबाट हुने कार्बन शोषणले वायुमण्डलमा अक्सिजन र कार्बनडाइअक्साइडको सन्तुलन मिलाउन सहयोग पुग्छ,
- वनस्पतिले वाष्पीकरणका माध्यमबाट वातावरणीय तापमान नियन्त्रण गर्न सहयोग गर्छन्,
- वनमा रहेका वनस्पतिका जराले भूक्षय हुन रोकी वातावरणीय ह्रास हुनबाट बचाउँछन्,
- वनस्पतिका जराले पानी शोषण गरी लामो समयसम्म जमिनमा चिस्यान कायम गर्न मद्दत गर्छन्,
- वनक्षेत्रले पारिस्थितिक प्रणाली सञ्चालनमा योगदान गरी वातावरणीय सन्तुलन ल्याउन सहयोग गर्छन्,
- अर्कातर्फ वातावरणीय ह्रासका कारण जैविक विधिततामा ह्रास आउँछ,
- तापमानमा आउने वृद्धि, अनियमित वर्षा एवं बाढीपहिरोले वनक्षेत्रको गुणस्तरमा ह्रास ल्याइदिन्छन्,
- वातावरणीय प्रदूषणबाट हुने अम्लीय वर्षाका कारण वनक्षेत्रको माटोको गुणस्तरमा ह्रास आउनुका साथै वनस्पतिको स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्छ,
- हरितगृह ग्यासको उत्सर्जन वृद्धि हुँदै जाँदा वायुमण्डलको सन्तुलन बिग्रन जाने तथा विश्वव्यापी तापमानमा वृद्धि हुन जान्छ र जलवायु परिवर्तनलाई तीव्र बनाइदिन्छन्। फलस्वरूप बाढीपहिरो, डढेलो जस्ता प्राकृतिक विपत्का घटना तीव्र भई वनविनाश बढ्दै जाने सम्भावना रहन्छ।

वनविनाशले निम्त्याउने प्रमुख वातावरणीय असर :
- हरितगृह ग्यासको उत्सर्जन वृद्धि हुन गई तापमान वृद्धि तथा तीव्र जलवायु परिवर्तन देखा पर्ने,
- प्रजाति लोप र विस्थापन भई जैविक विविधतामा ह्रास आउने तथा पारिस्थितिक प्रणालीमा असन्तुलन देखा पर्ने,
- बाढीपहिरो, डढेलो जस्ता प्राकृतिक प्रकोपका घटना सघन रूपमा देखा पर्ने,
- वनस्पतिको अभावमा बर्सातको समयमा भूक्षय र जमिन कटान बढ्ने,
- वनविनाशका कारण जलचक्र प्रभावित हुने, जसले गर्दा पृथ्वीमा अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि जस्ता समस्या देखा पर्ने,
- वनस्पतिको अभावमा जलशोषण तथा पुनर्भरण प्रक्रिया प्रभावित भई तालतलैया, कुवा, मूल सुक्दै जाँदा मानवीय जीवन र दैनिकी कठिन हुने,
- वनविनाशसँगै वायुमण्डलमा अक्सिजन र कार्बनडाइअक्साइडको सन्तुलन प्रभावित भई हावाको गुणस्तरमा ह्रास आउने,
- वायुमण्डलमा धुलो र प्रदूषक तत्त्व बढ्दै जाँदा मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने।
- अन्त्यमा वन र वातावरणबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ। पृथ्वीलाई बस्नलायक बनाउन वनको योगदान उच्च रहन्छ। वनविनाशले वातावरणीय सन्तुलनमा बाधा पुऱ्याउने मात्र नभई मानव अस्तित्व र भविष्यका पुस्ताका लागि समेत खतराको अवस्था सिर्जना गर्छ। वन र वातावरणबिचको अन्तरसम्बन्धलाई सन्तुलित र गतिशील बनाउन वनविनाश नियन्त्रणलाई उच्च प्राथमिकतामा राखेर काम गर्नु पर्छ।

२. अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० मा उल्लेख भए अनुसार मूल्याङ्कनका चरण प्रस्तुत गर्नुहोस्। साथै अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा राष्ट्रिय योजना आयोगका जिम्मेवारीहरू उल्लेख गर्नुहोस्।
✍ नेपालमा विकास प्रशासनलाई नतिजामुखी बनाउन विभिन्न नीतिगत, कानुनी तथा प्रणालीगत व्यवस्था गरिएको छ। अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० ले विकास नीति, योजना, आयोजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कनका सारभूत र प्रक्रियागत विषय उल्लेख गर्नुका साथै अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने विभिन्न निकायको जिम्मेवारीसमेत स्पष्ट पारेको छ।

मूल्याङ्कनका चरण :
- कुनै कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने निकायले देहायबमोजिम मूल्याङ्कन गर्नु वा गराउनु पर्छ :

क) कार्यक्रम तथा आयोजना सुरु गर्नुअघिकै अवस्थामा
- कार्यक्रम तथा आयोजनाको औचित्य, सम्भावित असर र लाभ लागतका आधारमा पूर्वमूल्याङ्कन,

ख) कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्थामा
- कार्यक्रम तथा आयोजनाको प्रक्षेपित उपलब्धि, सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाका आधारमा चालु मूल्याङ्कन,

ग) कार्यक्रम तथा आयोजना सम्पन्न हुने समयमा वा सम्पन्न भइसकेपछि
- कार्यक्रम तथा आयोजनाको प्रक्षेपित उपलब्धि, सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाको स्थितिसमेत लेखाजोखा गरी सम्पन्न मूल्याङ्कन,

घ) निर्धारित समयमा सम्पन्न हुन नसकेको वा न्यून प्रगति भएमा योजनाको योजना परीक्षण मूल्याङ्न

ङ) कार्यक्रम तथा आयोजना सम्पन्न भई पूर्ण रूपमा सञ्चालनमा आएपछि
- कार्यक्रम तथा आयोजनाले अर्थतन्त्र वा जनजीवनमा पार्न गएको सकारात्मक वा नकारात्मक प्रभाव हेर्नका लागि सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना तथा प्रभावसमेत हेर्ने गरी प्रभाव मूल्याङ्न।

अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा राष्ट्रिय योजना आयोगको जिम्मेवारी

क) राष्ट्रिय योजना आयोगले आवश्यकता अनुसार देहायका योजना तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने,
- नेपाल सरकारका आवधिक योजना, गुरुयोजना र वार्षिक योजना,
- राष्ट्रिय गौरवका आयोजना,
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना,
- रूपान्तरणकारी आयोजना,
- नेपाल सरकारले तोकेका महत्त्वपूर्ण आयोजना,
- वैदेशिक सहायतामा सञ्चालित आयोजना,
- अन्तरसरकारी वित्त हस्तान्तरणसम्बन्धी कानुनबमोजिम प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानबाट सञ्चालित आयोजना।

ख) उल्लिखित आयोजनाको लागत, कार्यान्वयनको समयसीमा तथा आयोजनाको महत्त्वका आधारमा आयोगले छनोट गरेका आयोजनाको हकमा छ महिनामा एक पटक अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने,

ग) मूल्याङ्कन गर्दा आवश्यकता अनुसार पूर्वमूल्याङ्कन, मध्यावधि मूल्याङ्कन, योजना सम्पन्न मूल्याङ्कन र प्रभाव मूल्याङ्कन गर्ने,

घ) कार्यान्वयन सम्पन्न भई सञ्चालनमा रहेका योजनाको दिगोपना मूल्याङ्कन गर्ने,

ङ) अन्य कुनै निकायबाट गरिएको योजनाको मूल्याङ्कनको समष्टिगत मूल्याङ्कन गर्ने,

च) आयोगले दीर्घकालीन र मध्यावधिक आवधिक योजनाको बिचमा र अन्त्यमा कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नु/गराउनुपर्ने,

छ) मन्त्रालय तथा अन्य जिम्मेवार निकायले प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गरे वा नगरेको विषयमा आवश्यक निगरानी गर्ने।
- अन्त्यमा मुलुकमा उपलब्ध सीमित स्रोतसाधनको अधिकतम उपयोग गरी विकासको नतिजा हासिल गर्न अनुगमन तथा मूल्याङ्कन महत्त्वपूर्ण मानिन्छ। निर्धारित समय, लागत, गुणस्तर, परिमाण र दिगोपना सुनिश्चित हुने गरी आयोजना तथा कार्यक्रम सम्पन्न गर्न गराउन अनुगमन तथा मूल्याङ्कनमा जोड दिइन्छ। नतिजामूलक कार्यसम्पादन सूचकको विकास र कार्यान्वयन, प्रणाली विकास एवं प्रयोग र योजनाबद्ध अनुगमन तथा मूल्याङ्कनमा जोड दिई यसको प्रभावकारिता वृद्धि गर्नु आवश्यक छ।

३. खरिद गुरुयोजनामा के कस्ता विषय समावेश हुनु पर्छ ? सङ्क्षिप्तमा उल्लेख गर्नुहोस्।
✍ बहुवर्षीय प्रकृतिका आयोजनाका लागि हुने खरिद कार्य वा ठुलो रकमको खरिद कार्यलाई योजनाबद्ध रूपमा सम्पन्न गरी सार्वजनिक खरिद कार्यलाई मितव्ययी, पारदर्शी र विश्वसनीय बनाउन खरिद गुरुयोजना तयार गरिन्छ। नेपालको प्रचलित खरिद ऐन र नियमावली अनुसार सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाका लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपियाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्छ।

खरिद गुरुयोजनामा समावेश गर्नुपर्ने विषय
- सार्वजनिक निकायले तयार पार्ने खरिद गुरुयोजनामा अन्य कुराका अतिरिक्त देहायका विषय समावेश गर्नु पर्छ :
- खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित मूल्य,
- खरिद विधि,
- अधिकतम प्रतिस्पर्धाका लागि खरिदलाई टुक्र्याइने वा प्याकेज बनाउने भए सोसम्बन्धी व्यवस्था,
- समग्र खरिद कारबाही पूरा गर्नका लागि गरिने सम्झौताको मोटामोटी सङ्ख्या र त्यस्तो खरिद कारबाहीसँग सम्बन्धित मुख्य मुख्य काम,
- खरिदका लागि पूर्वयोग्यताको कारबाही गर्नुपर्ने भए सोसम्बन्धी कुरा,
- खरिद कारबाहीको मोटामोटी तालिका,
- सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिदको गुरुयोजनामा समावेश गर्नुपर्ने भनी समय समयमा निर्धारण गरेका कुरा।
- अन्त्यमा सार्वजनिक खरिदलाई व्यवस्थित गर्न खरिद गुरुयोजनाको भूमिका महत्त्वपूर्ण रहन्छ। खरिद कार्यलाई योजनाबद्ध रूपमा अगाडि बढाउँदा सार्वजनिक स्रोतको सदुपयोग हुनुका साथै सार्वजनिक निकायको बजेट तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित बनाउनसमेत सहयोग पुग्छ। सार्वजनिक निकायले तोकिएबमोजिमको पदाधिकारीबाट खरिद गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्नु पर्छ।

४. वडाध्यक्षका काम, कर्तव्य र अधिकार के के हुन् ? लेख्नुहोस्।
✍ स्थानीय सरकार सञ्चालन ऐनले उल्लेख गरेबमोजिम वडाध्यक्षको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेका छन् :
- वडा समितिको अध्यक्ष भई कार्य गर्ने,
- वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,
- वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेस गर्ने,
- वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,
- वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको अनुगमन तथा आवधिक समीक्षा गर्ने/गराउने,
- विविध विषयमा सिफारिस तथा प्रमाणितसम्बन्धी कार्य गर्ने,
- सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिससम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,
- सभा, कार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्य गर्ने।
- यसरी वडाध्यक्षले वडाका विकासनिर्माण, सेवा प्रवाह, प्रशासनिक तथा शासकीय मामिला सञ्चालनसम्बन्धी विविध कार्यमा समन्वय र सहजीकरण गर्ने गरी जिम्मेवारी निर्धारण गरिएको छ।

५. मुलुकी देवानी संहिता, २०७४ ले नागरिकका वैयक्तिक स्वतन्त्रता र अधिकारका सम्बन्धमा उल्लेख गरेका विषय जानकारी गराउनुहोस्।
✍ नेपालको संविधानले कानुनबमोजिमबाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने कुरा उल्लेख गर्दै नागरिक स्वतन्त्रताका विषय प्रस्ट पारेको छ। मुलुकी देवानी संहिता, २०७४ ले कानुनको अधीनमा रही प्रत्येक नागरिकलाई देहायका स्वतन्त्रता र अधिकार हुने भनी उल्लेख गरेको छ :
- आफ्नो विचार राख्ने तथा अभिव्यक्त गर्ने,
- बिनाहातहतियार शान्तिपूर्वक भेला हुने तथा सभा, सम्मेलन गर्ने,
- सङ्घ वा संस्था खोल्ने,
- नेपालका कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने,
- कुनै पेसा, रोजगार, उद्योग, व्यवसाय गर्ने,
- आफूले चाहेको शिक्षा वा आफ्नो मातृभाषामा शिक्षा आर्जन गर्ने,
- सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने र सम्पत्तिको अन्य कुनै कारोबार गर्ने,
- सार्वजनिक नैतिकता र परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने,
- आफ्नो समुदायको भाषा, लिपि वा संस्कृतिको संरक्षण र संवर्धन गर्ने,
- आफ्नो धार्मिक समुदायको स्वतन्त्र अस्तित्व कायम राखी धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन गर्ने,
- आफ्नो जिउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको रक्षा गर्ने वा गोप्य राख्ने।
- यसरी नेपालको संविधानले नेपाली नागरिकलाई प्रदान गरेका स्वतन्त्रताका अतिरिक्त मुलुकी देवानी संहिता, २०७४ ले नेपाली नागरिकलाई थप स्वतन्त्रता र अधिकारको व्यवस्था गरेको देखिन्छ।

६. प्रदेश सरकारको राजस्व क्षेत्राधिकार उल्लेख गर्दै एकल कर प्रशासन अन्तर्गत प्रशासन हुने करहरूबारे जानकारी गराउनुहोस्।
✍ नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व क्षेत्राधिकार निर्धारण गरी कानुनबमोजिम कर लगाउन र उठाउन पाउने व्यवस्था गरेको छ। प्रदेश सरकारको एकल अधिकार, साझा अधिकार र राजस्व बाँडफाँटबापत राजस्व प्राप्त गर्ने अधिकार अन्तर्गत देहायबमोजिमको राजस्व अधिकारक्षेत्र निर्धारण गरिएको छ :

क) एकल अधिकारका क्षेत्र
- **प्रदेशको एकल अधिकारक्षेत्रभित्र सूचीकृत राजस्वका क्षेत्र यसप्रकार छन् :**
- सवारीसाधन कर,
- घरजग्गा रजिस्ट्रेसन शुल्क,
- विज्ञापन कर,
- मनोरञ्जन कर,
- कृषि आयमा कर,

ख) साझा अधिकारका क्षेत्र
- **तिनै तहका सरकारको साझा क्षेत्राधिकार अन्तर्गत पर्ने करका क्षेत्र यसप्रकार छन् :**
- सेवा शुल्क, दस्तुर,
- दण्ड जरिबाना
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,
- पर्यटन शुल्क

ग) राजस्व बाँडफाँट भई राजस्व प्राप्त गर्ने अधिकार
- आन्तरिक उत्पादनको अन्तःशुल्क बापतको १५ प्रतिशत कर सात प्रदेशमा बाँडफाँट हुने,
- मूल्य अभिवृद्धि करबापतको १५ प्रतिशत कर सात प्रदेशमा बाँडफाँट हुने,
- स्थानीय तहले सङ्कलन गर्ने ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रीबाट प्राप्त राजस्वको ४० प्रतिशत राजस्व प्राप्त गर्ने,

एकल कर प्रशासन अन्तर्गत प्रशासन हुने कर
- **प्रदेश तथा स्थानीय तह दुवैको एकल अधिकारको सूचीमा रहेका कर प्रशासनमा कुनै एक तहको सरकारको भूमिका रहने प्रशासकीय प्रबन्ध एकल कर प्रशासन हो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम एकल कर प्रशासन अन्तर्गत प्रशासन हुने कर यसप्रकार छन् :**
- **सवारीसाधन कर :** करको दर तोक्ने र सङ्कलन गर्ने दुवै काम प्रदेशले गर्ने।
- **घरजग्गा रजिस्ट्रेसन शुल्क :** शुल्क प्रदेशले तोक्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने,
- **मनोरञ्जन कर :** करको दर प्रदेशले तोक्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने,
- **विज्ञापन कर :** करको दर तोक्ने र सङ्कलन गर्ने दुवै काम गाउँपालिका वा नगरपालिकाले गर्ने,
- अन्त्यमा नेपालको संविधानले तीन तहका सरकारबिच राज्यशक्तिको बाँडफाँट गरेको छ। प्रदेशलाई स्रोतसाधन र अधिकारसम्पन्न सङ्घीय एकाइका रूपमा स्थापित गरिएको छ। प्रदेशको एकल अधिकार अन्तर्गत पर्ने राजस्व क्षेत्रहरू स्थानीय तहको एकल अधिकारको सूचीमा समेत रहेकाले दोहोरो अधिकार सूचीमा भएका करका सम्बन्धमा एकल कर प्रशासनको अवधारणा कार्यान्वयनमा ल्याएको छ। तहगत सरकारबिचको समन्वय र सहकार्यबाट राजस्व चुहावट नियन्त्रण गरी राजस्व असुलीमा सुधार गर्न सकिने भएकाले समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

प्रस्तुतकर्ता : अर्जुन शर्मा